प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पर्सा

वीरगंज

फोन नं :०५१-५२१८७९
इमेल: agrisciencеparsa@gmail.cor


प.सं२०७६/०७७
च.नं. ११६

मिति: २०७६/०६/२९

विषयः सूचना टाँस गरी सो को जानकारी समबन्धमा ।

श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं २, जनकपुरधाम
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा
श्री जिल्ला प्रशासन कार्यालय, पर्सा
श्री जिल्ला समन्वय समिति, पर्सा
श्री स्थानिय तह (पर्सा जिल्लाका १४ वटै)

प्रस्तुत विषयमा यस केन्द्रको आ.व. २०७६/०७७को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक/कृषि सहकारीको साझेदारीमा बगर खेती कार्यक्रम तथा विपन्न गरिव कृषकहरूको लागि स्वरोजगारमुलक विशेष कृषि कार्यक्रममा सहभागी हुन यस केन्द्रबाट आह्वान गरिएको सूचना थान २ यसै साथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरि सो को जानकारी यस केन्द्रमा दिन हुन अनुरोध छ ।

..................
डा.रामचन्द्र यादव
वरिष्ठ कृषि विकास अधिकृत
(दशौ तह)

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पर्सा

वीरगंज

फोन नं :०५१-५२१८७९
इमेल: agriscienceparsa@gmail.cor

प.सं२०७६/०७७

सूचना ।।। सूचना ।।। सूचना ।।।

## कृषक तथा कृषि सहकारीको साझेदारीमा बगर खेती कार्यक्रम

**(प्रथम पटक प्रकाशित मितिः २०७६/०६/२९)**

यस केन्द्रको आ.व. २०७६/०७७को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बगरमा परिणत भएका नदी/खोला किनारका जग्गाहरुलाई उपयोग गरी भूमिहीन र न्यून आय भएका कृषकहरूको जीवन स्तर उकास्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक/ कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले २०७६/०७/२१गते भित्र रितपुर्वक निवेदन दर्ता गराउनका लागि यो सूचना प्रकाशित गरिएको छ

**अनुदान सहयोग कार्यक्रम**

१. कृषक/कृषि सहकारीहरुले प्रति क्लस्टर ३ विघा क्षेत्रफल(बगर)मा लौका, घिरौला, फर्सी,काँक्रो, तरबुजा, करेला, परवलको खेती गर्नुपर्नेछ
२. भूमिहीन/न्यून आय भएका तथा सामाजिक रुपमा पछाडि पारिएका वर्ग/सहिद परिवारलाई विशेष प्राथमिकता दिइनेछ
३. कार्य विधिअनुसार लागतको बढीमा ५०% सम्म वा तोकिएको सामग्रीहरूमा तोकिए बमोजिमको अनुदान दिईनेछ ।
४. कल्सटर भन्नाले एउटै क्षेत्रमा विभिन्न कृषक/सहकारी मिलि गरिने खेती बुझ्नु पर्छ ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
३. तरकारी उत्पादनको विस्तृत कार्ययोजना
४. गरिने खेतीको विमा गर्नु पर्नेछ
५. रु १०को टिकट
६. स्थानीय निकायको सिफारिस

डा. रामचन्द्र यादव
वरिष्ठ कृषि विकास अधिकृत
(दशौं तह)

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पर्सा

वीरगंज

फोन नं :०५१-५२१८७९
इमेल: agriscienceparsa@gmail.cor

प.सं२०७६/०७७

सूचना ।।। सूचना ।।। सूचना ।।।

## विपन्न गरिव कृषकहरूको लागि स्वरोजगार मुलक विशेष कृषि कार्यक्रम
## (प्रथम पटक प्रकाशित मितिः २०७६/०६/२९)

यस केन्द्रको आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार कृषि सम्बन्धी व्यवसायिक कार्यक्रमबाट स्थानीय स्तरमा रोजगारी तथा खाद्यसुरक्षा प्रवर्द्धन गर्ने कार्यक्रम रहेकोले इच्छुक कृषकहरूद्वारा यो सूचना प्रकाशन भएको मितिले २०७६/०७/२१ गते भित्र तपसिलमा उल्लेख भएका कागजातहरु सहित दरखास्त पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अनुदान सहयोगको कार्यक्रम**

१. तरकारी खेती गर्ने लक्षित कृषकहरूले कम्तीमा १० कट्ठा जग्गामा २ सिजन खेती गर्नुपर्ने र बजारीकरण गर्नुपर्ने छ ।
२. च्याउ खेती गर्ने लक्षित कृषक ले १४*२२ फिटका दरले ४ वटा टहरा निर्माण गरी च्याउ खेती गर्नु पर्नेछ ।
३. पुष्प उत्पादन प्रवर्द्धन गर्न लक्षित कृषकले कम्तीमा १० काठ्ठा जग्गामा खेती र बजारीकरण गर्नुपर्ने छ ।
४. मौरी पालन गर्ने कृषकले २० वटा गोला सहित मौरी घार राखी मह उत्पादन र बजारीकरण गर्नु पर्ने छ ।
५. सिड साईकल गर्न जिल्लामा संचालन भएको बिज वृद्धी कार्यक्रम अन्तर्गत उत्पादन भएका बीउ खरिद गरि सुरक्षित तथा संरक्षित गरि पुनः केन्द्रको निर्देशन तथा अनुगमनमा विक्री वितरण गर्नु पर्नेछ ।
६. छनौट भएका कृषकहरूलाई लागत अनुमानको ५०% वा बढीमा रू ५० हजार सम्म अनुदान उपलब्ध गराईनेछ ।
७.यो कार्यक्रम बढीमा ५० जना कृषकहरूलाई नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

**पेश गर्नु पर्ने कागजातहरु:**

१. अनुसूची २ बमोजिमको आशयपत्र
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. तालिम, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
४. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
५. गरिने खेती (तरकारी, पुष्पको)को अनिवार्य बीमा गराउनु पर्नेछ
६. रु १० को टिकट
७. खेती गर्ने कार्यको विस्तृत कार्ययोजना

डा. रामचन्द्र यादव
वरिष्ठ कृषि विकास अधिकृत
(दशौं तह)